आज मिति २०८१ साल माघ २१ गते सोमबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को नवौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्रबहादुर राई | प्रमुख प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | दिपक खडका | लेखापाल | |

**प्रस्तावहरु**

१.समिक्षा सम्बन्धमा ।

२.गाउँसभा सञ्चालन सम्बन्धमा ।

३.सार्वजनिक सुनुवाई सम्बन्धमा ।

४.समपुरक अनुदान माग सम्बन्धमा ।

५.अन्तिम बिल भुक्तान सम्बन्धमा ।

६.जग्गा रजिष्ट्रेशन पास सम्बन्धमा ।

७.बिद्युत पोल माग सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८१ साल पौष ९ गते बसेको आठौं कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भएको सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १६ औं अधिबेशन यहि मिति २०८१/११/०५ गते ११:०० बजे देखि यस कार्यालयको सभाहलमा सञ्चालन हुने गरि आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व. २०८१/०८२ को प्रथम चौमासिक भित्र गरिएका प्रगतीहरुको समिक्षा तथा सार्वजनिक सुनुवाई यहि मिति २०८१/११/०४ गतेका दिन पालिका भित्रका सरोकारवालाहरुको उपस्थिमा कार्यालयको सभाहलमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकारको राष्ट्रिय योजना आयोग संग ताम्कु प्राथमिक अस्पताल ५ शैया, निर्माण आयोजना तथा कोशी प्रदेशको प्रदेश योजना आयोग कोशी प्रदेश बिराटनगर संग वडा नं. ५ याफुको वडा कार्यालय भवन निर्माण आयोजना निर्माणका लागि समपुरक अनुदान माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ समाज बिकास केन्द्र भवन निर्माण आयोजनाको लागि ठेक्का नं. NCB-SRM-SC-13-078/079 बमोजिम निर्माण कम्पनी श्री सिद्धार्थ निर्माण सेवा प्रा.लि. गणेशमान चारनाथ वडा नं. ७ र सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिच मिति २०७९/०३/१० गते का दिन मिति २०८१/०२/१९ गते सम्पन्न हुने गरी जम्मा रकम रु.८८३८६४०।२९ (अठासी लाख अठ्तिस हजार छ सय चालिस रुपैया उनन्तिस पैसा मात्र) मा संझौता भएकोमा उक्त संझौता म्याद भित्र आयोजना सम्पन्न हुन नसकेको कारण पुनः मिति २०८१।०६।१५ गते सम्म योजनाको म्याद थप गरी योजना म्याद थप संझौता अनुसार योजनाको कार्य प्रगतीको आधारमा तपशिल बमोजिमको रनिङ बिलको आधारमा प्रथम रनिङ बिल वापत रु.१४३८८९५। (चौध लाख अठ्तिस हजार आठ सय पन्चानब्बे रुपैया मात्र) दोश्रो रनिङ विल वापत रकम रु.२६०६७११।७२ (छब्बिस लाख छ हजार सात सय एघार रुपैया बहत्तर पैसा मात्र) र तेश्रो रनिङ बिल वापत रकम रु.२११००११।३९ (एकाईस लाख दश हजार एघार रुपैया उनन्चालिस पैसा मात्र) गरी जम्मा रकम रु.६१५५६१८।११ निर्माण कम्पनीलाई भुक्तान भई सकेको र अन्तिम बिल निकासाको लागि निर्माण कम्पनीले अनुगमन समिति तथा सिलीचोङ समाज बिकास केन्द्रको सिफारिस सहित निकासा माग गरेको हुदाँ प्राविधिक मुल्यांकन तथा कार्यप्रगती बमोजिम रु.२०७००७६।४८ (बिस लाख सत्तरी हजार छयत्तर रुपैया अठ्चालिस पैसा मात्र) नियमानुसार कर कट्टा गरि भुक्तान दिने साथै उक्त योजना सम्पन्न गर्न जम्मा रु. ८२२५६९४।५९ (अक्षेरेपी बयासी लाख पच्चीस हजार छ सय चौरानब्बे उनन्साठी पैसा) भुक्तान भएको सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा निम्न बमोजिमको जग्गाधनीबाट सिलीचोङ गाउँपालिका, ५ नं वडा कार्यालय, याफुको भवन निर्माण तथा ईखे सामुदायिक भवन निर्माण गर्नको लागि जग्गा प्रति रोपनी रु.१५००००। का दरले गाउँपालिकाले खरिद गरेकोले ५ नं. वडा कार्यालयको नाममा जग्गा रजिष्ट्रेशन पासको लागि मालपोत कार्यालय, खाँदबारीमा आवश्यक कागजात सहित यस कार्यालयको तर्फबाट श्री प्रविन राई , ५ नं. वडा अध्यक्ष श्री ईश्वर राई वडा सदस्य श्री छत्र कुमार राईलाई अख्तियारी प्रदान गर्ने, उक्त जग्गा सरकारी भवन निर्माण प्रयोजन हुने भएकोले लाग्ने राजश्व छुट माग्ने तथा जग्गा प्राप्ती गर्ने प्रकृयामा लाग्ने सम्पूर्ण खर्च बिबिध खर्च शिर्षकबाट गाउँपालिकाले व्यहोर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | जग्गाधनीको नाम ठेगाना सम्पर्क नं | कित्ता नं | प्राप्त हुने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल काठमाण्डौ बस्ने वर्ष ५८ को श्री मित्रकुमारी राई, मोबाइल नं ९८६३००८६०१ | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ५८१ | कित्ता नं ५८१ बाट ०.३२ वर्ग मिटर | कि.नं. ५८१ को जम्मा क्षेत्रफल ००६४० वर्ग मिटर |
| | | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ७०५ | कित्ता नं ७०५ बाट पुरै | कि.नं. ७०५ को जम्मा क्षेत्रफल ००७१० वर्ग मिटर |
| २ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल याफु बस्ने वर्ष ३८ को श्री विन्द्रा राई, मोबाइल नं ९७४६९७२३६६ | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ७०४ | कित्ता नं ७०४ बाट पुरै | कित्ता नं ७०४ को जम्मा क्षेत्रफल ००३५० वर्गमिटर |
| | | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ६८१ | कित्ता नं ६८१ बाट पुरै | कित्ता नं ६८१ को जम्मा क्षेत्रफल ०००४० वर्गमिटर |
| ३ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल मोरङ बस्ने वर्ष ६४ को श्री धनबहादुर राई, मोबाइल नं ९७६२९९३८७ | साविक याफु गा.वि.स. वडा नं ३ स्थित कित्ता नं १९३ | कित्ता नं १९३ बाट १ रोपनी | कित्ता नं १९३ को जम्मा क्षेत्रफल ००७३० वर्गमिटर |
| ४ | सिलीचोङ-५ घर भइ हाल याफु बस्ने वर्ष ७० को श्री तुलामाया रैनी, मोबाइल नं ९७४९४८६०९३ | साविक याफु गा.वि.स. वडा नं ३ स्थित कित्ता नं १९४ | कित्ता नं १९४ बाट ०.३३ रोपनी | कित्ता नं १९४ को जम्मा क्षेत्रफल २६०.०० वर्गमिटर |
| ५ | सिलीचोङ-५ याफु बस्ने वर्ष ५५ को दिल कुमार राई मोबाइल नं ९७०३६४९३१७ | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ८१४ | कित्ता नं ८१४ बाट २ रोपनी | कित्ता नं ८१४ बाट १०१७.४४ व.मि. |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र हाल बिस्तार भई रहेको पुर्ण बिद्युतीकरण आयोजना अन्तर्गत वडा नं. १, २,३ र ४ मा विद्युत पोल अपुग भएको हुदाँ उक्त अपुग बिद्युत पोल नेपाल बिद्युत प्राधिकरण संग तपशिल बमोजिम माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं. | वडा नं. | सामाग्रीको किसिम | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १ | हाईटेन्सन पोल | ० | |
| | | लो टेन्सन पोल | ४२० | |
| २ | २ र ३ | हाईटेन्सन पोल | ८५ | |
| | | लो टेन्सन पोल | १००४ | |
| | | ट्रान्सफ्रमर | ४ | |
| ३ | ४ | लो टेन्सन पोल | २० | |
| | | तार | २००० मि. | |
| | | ट्रान्सफ्रमर | १, (५० Kva) | |
| ४ | ५ | हाईटेन्सन पोल | २०० | गोङ्तला, दवाटक, साईसिमा, याङेदेन, वाङ्वा र बप्लीङटार |
| | | लो टेन्सन पोल | १५० | |
| | | तार | आवश्यकता अनुसार | |
| | | ट्रान्सफ्रमर | ६ | |